धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

शुभकामना !

बिजया दशमी २०८३ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपालीहरु हाम्रा विज्ञापन दाता, ग्राहक महानुभावहरु लगायत सम्पूर्ण शुभेच्छुक हरुमा शुख शान्ति सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

वर्ष २३, अङ्क ९५ ◆ २०८३ कात्तिक ४ बुधबार ◆ Wednesday, October 21, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

झिलिमिलीमा रमाउँदै सर्वसाधारण

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । बडा दशैंको अवसरमा काठमाडौंको मैतीदेवी मन्दिरमा पूजाआजा गर्न आउने तथा मन्दिर र आसपासका क्षेत्रमा गरिएको झिलिमिली बत्तीको सजावट अवलोकन गर्न आउने सर्वसाधारणको भीड लागेको छ ।

दशैंको उल्लाससँगै मन्दिर परिसर र आसपासका क्षेत्रमा गरिएको आकर्षक सजावटले वातावरणलाई थप रमणीय बनाएको छ । साँझपख झिलिमिली बत्ती हेर्न, तस्बिर खिच्न तथा परिवार र आफन्तसँग समय बिताउन आउनेको चहलपहल बढेको छ ।

ज्ञानेश्वर ओरालोदेखि मैतीदेवी मन्दिर हुँदै पुरानो प्रहरी बिटसम्म सडकमाथि र दायाँबायाँ बिजुलीको झिलीमिली सजाइएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको मैतीदेवी मन्दिरमा दसैंका बेला विशेष चहलपहल हुने गर्दछ । भक्तजनले मन्दिरमा पूजाआजा गरी सुख, शान्ति र समृद्धिको कामना गरिरहेका छन् ।

मिस्त्रीखोलाले बगाएर एक जनाको मृत्यु, एक जना बेपत्ता

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा मिस्त्रीखोलाले बगाएर आज एक जनाको मृत्यु र एक जना बेपत्ता भएका छन् ।

खोलाले बगाएर स्थानीय छ वर्षीया अनिशा बुढामगरको मृत्यु भएको र तीन वर्षीया कृष्टिका बुढामगर बेपत्ता भएका जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक भूपेन्द्र गोतामेले जानकारी दिनुभयो । "दाउरा खोज्न गएका अभिभावक को पछि लागेर गएका बालिकाहरु लाई मिस्त्रीखोलाले बगाएर बेपत्ता बनाएको हो," उहाँले भन्नुभयो, "अनिशाको शव भेटिएको छ भने कृष्टिकाको खोजी जारी छ ।" मृतक र बेपत्ता बालिका दुई बहिनीका छोरीहरु हुन् । सो घटनाको जानकारी हुनासाथ सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्थानीयबासी समेतको सहभागितामा बालिकाको खोजी भइरहेको छ । यसैबीच, नारच्याङका बासिन्दा तमबहादुर चोचाङ्गी पुनले मिस्त्रीखोला जलविद्युत् आयोजनाको गम्भीर लापरबाहीका कारण घटना भएको बताउनुभयो । "बिहान सुकेको खोलामा जलविद्युत् आयोजनाले पूर्वसूचना बिनै बाँधबाट एक्कासि पानी छोडेका कारण बालिकाहरुलाई बगाएको हो," उहाँले भन्नुभयो । सो घटनाको सन्दर्भमा अनुसन्धान जारी रहेको प्रहरी निरीक्षक गोतामेले बताउनुभयो ।

एनपिएलका सबै खेलमा डिआरएस लागू हुने, खेल समय हेरफेर

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणमा डिसिजन रिभ्यू सिस्टम (डिआरएस) प्रयोग गरिने भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै प्रतियोगितामा उक्त प्रविधि लागू गर्ने जनाएको हो ।

क्यानका अनुसार एनपिएल २०२६ को सबै खेलमा 'डिआरएस' प्रविधिको प्रयोग गरिनेछ । 'डिआरएस' को प्रयोगले खेल प्रतियोगिताका क्रममा मैदानमा खटिने 'अम्पायर'बाट हुने निर्णयलाई चुनौती दिन टोलीलाई अवसर दिनेछ । 'अम्पायर'को निर्णयप्रति असहमति जनाउने टोलीले मागदाबी सहित सम्बन्धित 'फुटेज' हेर्न सक्ने छ ।

यसैबीच, 'डिआरएस' को व्यवस्थासँगै खेल समय पनि परिवर्तन गरिएको क्यानले जनाएको छ । मंगलबार सार्वजनिक गरिएको संशोधित तालिका अनुसार दैनिक दुई खेल हुने दिन पहिलो खेल दिउँसो १२:३० बजे र दोस्रो खेल साँझ ५:०० बजे सुरु हुनेछ । एक खेल हुने दिन भने खेल साँझ ५:०० बजे सुरु हुने क्यानले जनाएको छ । प्रतियोगिता यही कात्तिक ९ गतेदेखि कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सुरु हुनेछ ।

हजारभन्दा बढीलाई निःशुल्क बस सेवा

काठमाडौं । सशस्त्र प्रहरी बल, नेपालले दशैंका लागि लक्षित गरी काठमाडौं उपत्यकामा सञ्चालन गरेको निःशुल्क बस सेवामार्फत दुई दिनमा एक हजारभन्दा बढी यात्रुले सेवा लिएका छन् ।

सशस्त्रका प्रवक्ता एवम् प्रहरी नायव महानिरीक्षक नेत्रबहादुर कार्कीले सोमबार ४५० जना र मङ्गलबार ६१३ जना सर्वसाधारणले उक्त सेवा लिएको जानकारी दिनुभयो । उहाँका अनुसार सुरुमा तीन दिनका लागि निःशुल्क सुरु गरिएको उक्त सेवा आवश्यकताका अनुसार थप एक दिन थप गर्न सकिनेछ । सो क्रममा सशस्त्रले काठमाडौं उपत्यकाभित्र सर्व साधारणका लागि सोमबारदेखि २ वटा निःशुल्क रुपमा बस सञ्चालन गरिरहेको छ ।

चाडपर्वमा खानपानजन्य समस्याबाट बच्न चिकित्सकको सुझाव

❑ *प्रत्यूष समाचारदाता*

चितवन । दसैंको बिदामा पनि विशेषज्ञ सेवा दिँदै आएको चितवन मेडिकल कलेज (सिएमसी) को आकस्मिक कक्षबाट १५० जनाले दैनिक सेवा लिइरहेका छन् । यसरी उपचारमा आउनेहरूमा सवारी दुर्घटना, हृदयघात, स्ट्रोक र खानपानसँग सम्बन्धित बिरामीको सङ्ख्या तुलनात्मक रुपमा धेरै रहेको अस्पतालले जनाएको छ ।

सिएमसीका कलेजो विभाग का प्राडा दयाराम लम्साल करिब तीन दशकको आकस्मिक कक्षको आफ्नो अनुभवलाई मूल्याङ्कन गर्दै चाडपर्वमा खानपानमा सावधानी नअपनाएकै कारण धेरै मानिस अस्पताल आउन बाध्य हुनु परेको बताउनुहुन्छ ।

बडादसैं पर्वका अवसरमा दुर्घटनाका घाइते, मुटु रोग, पक्षघात (स्ट्रोक), विषाक्त खाना, हड्डी अङ्किने जस्ता समस्याबाट पीडित व्यक्ति अस्पताल आउने गरेको उहाँको भनाइ छ । डा लम्सालका अनुसार पकाउँदै गर्दा जलेर, जङ्गली च्याउ खाएर, घरको छतबाट लडेर, दीर्घरोगीले नियमित औषधि नखाइदिएर, करेन्ट लागेर, अनिन्द्रा बसेर समस्या निम्त्याउनेहरूको सङ्ख्या पनि अस्पतालमा उल्लेख्य देखिन्छ ।

चाडपर्वको समयमा हुने यस्ता समस्यामा अधिक मादक पदार्थ सेवन मुख्य कारण हुने गरेको उहाँको भनाइ छ । प्राडा लम्सालले भन्नुभयो, "चाडपर्वमा मादक पदार्थ अधिक सेवन गरेर सवारी चलाउँदा धेरै दुर्घटना हुने र आपसी झैझगडाका क्रममा घाइते भई अस्पताल आउने विरामी पनि त्यत्तिकै देखिन्छ ।" उहाँले ट्राफिकलाई छल्न नभई आफ्नै सुरक्षाका लागि मादक पदार्थ सेवन गरेर सवारी नचलाउन र ख्याल ख्यालमै झैझगडा गरी अङ्गभङ्ग हुने अवस्थामा नपुग्न सुझाव दिनुभयो । खानपान र खेलमा व्यस्त हुँदा नियमित औषधि छुटाउँदा दीर्घरोगी हरुमा समस्या हुने गरेको उहाँले बताउनुभयो ।

चिल्लो, मासुजन्य पदार्थ, धुमपान र मादक पदार्थ बढी सेवन गर्दा हृदयघात र स्ट्रोक हुन सक्ने भन्दै उहाँले यस्ता कुरामा सावधानी अपनाउन आग्रह गर्नुभयो । उहाँले खराब खानपानसँगै राति अबेरसम्म बसेर निन्द्रा नपुग्दा पनि जोखिम बढ्न सक्ने बताउनुभयो ।

हृदयघात र पक्षघात भएका बिरामीलाई समयमा अस्पताल पुऱ्याउन सक्यो भने बचाउन सकिने उल्लेख गर्दै प्राडा लम्सालले भन्नुभयो, "हृदयघात भएको एक घण्टाभित्र र पक्षघात भएको तीन घण्टाभित्र अस्पताल पुऱ्याउन सकियो भने बिरामीलाई बचाउन सक्ने सम्भावना धेरै हुन्छ ।" यसैका लागि अस्पतालले चाडपर्वका समयमा पनि तयारी अवस्थामा विशेषज्ञ चिकित्सक हरुलाई राखेको उहाँले जानकारी दिनुभयो ।

चितवन मेडिकल कलेजले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को मापदण्डसहित आफ्नै मापदण्ड बनाएर न्यूरो, मुटु, रेडियोलोजीको टिम तयारी अवस्थामा राखेको जनाएको छ । आकस्मिक उपचारमा 'डिएम' गर्नुभएका डा रविन बम पक्षघातको सङ्केत देखिएका बिरामीले अस्पताल आउन ढिलो गर्न नहुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "शरीरको कुनै भाग चलेन, जिब्रो लाटो भयो, मुख बाङ्गो भयो, हात खुट्टा चलेन भने जतिसक्दो छिटो अस्पताल आउनु पर्छ ।" आज चाडपर्व छ भोलि अस्पताल जाउँला भनेर बस्न नहुने भनाइ छ

रसुवा र नुवाकोटका धार्मिक तथा पर्यटकीय क्षेत्र भ्रमणका लागि सुरक्षित

❑ *प्रत्यूष समाचारदाता*

रसुवा । भोटेकोशी र त्रिशूली नदीमा भदौमा गएको बाढीका कारण बगे-भत्केका सडक मर्मतसम्भार भएसँगै नदी तटीय क्षेत्रबाहेक अन्यत्रको जनजीवन लयमा फर्केको छ ।

रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङका अनुसार बाढीले सखाप पारेका रसुवा र नुवाकोट जिल्लाका नदी तटीय क्षेत्रबाहेक अन्यत्रको जनजीवन सामान्यतर्फ फर्केको छ । अहिले त्रिशूली-वेत्रावतीसम्मको सडक यातायात सञ्चालन भएको छ भने शाखा सडकहरू पनि बनाइएको अवस्था छ ।

यसैबीच होटल तथा रेस्टुरेन्ट व्यवसायी सङ्घ नुवाकोट र होटल तथा पर्यटन व्यवसायी सङ्घ रसुवाले नदी तटीय क्षेत्रबाहेक अन्यत्र सबै ठाउँ सुरक्षित र सहज भएकाले भ्रमण गर्न सकिने बताएको छ । दुवै संस्थाका तर्फबाट बिनाहिच्किचावट घुमफिर गर्न अनुरोध छ । यसअघि जस्तै सबैखालको सुविधा दिन तयार छौं भनिएको छ ।

नागरिक समाजका अध्यक्ष तामङले बाह्य तथा आन्तरिक पर्यटकहरूलाई स्वागत गर्न रसुवावासी तयार रहेको बताउँदै यात्रामा कुनै कठिनाइ उत्पन्न नहुने भएकाले ढुक्क भएर भ्रमण गर्न अनुरोध गर्नुभएको छ ।

यसैगरी, होटल तथा पर्यटन व्यवसायी सङ्घ रसुवाका अध्यक्ष विशाल घलेले रसुवाका धार्मिक तथा पर्यटकीय स्थल जाने सबै रूट पूर्ण रूपमा सुरक्षित रहेकाले भ्रमणमा रमाउन सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो ।



होटल व्यवसायी महासङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष सन्तोष उप्रेतीले पर्यटकीय गतिविधि, व्यावसायिक काम वा व्यक्तिगत यात्राका लागि नुवाकोट तथा रसुवा आउन चाहनेहरूलाई अनावश्यक डर, त्रास वा द्विविधा नराख्न आग्रह गर्नुभएको छ ।

रसुवाका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले बाढीपछि धादिङको पृथ्वी राजमार्ग गल्छी हुँदै देवीघाट-ढुङ्गे-त्रिशूली-वेत्रावती सडक पूर्ण रूपमा सञ्चालनमा आइसकेको, रसुवनको स्याफ्रुबेंसीमा फड्को पुल बनेको र बेलिब्रिज जडान गर्ने तयारी रहेको जानकारी दिनुभयो । उहाँले यातायात सञ्चालन आएको, होटल व्यवसाय पनि सञ्चालन हुन थालेको तथा शान्तिसुरक्षाको अवस्था मजबुत बनाइकाले यात्रा गर्न असहज नहुने बताउनुभयो ।

मंगलबार सकियो खम्ये जात्रा

भक्तपुर । दसैं पर्वमा महिषासुरको प्रतीक मानिने ठूलो राँगोलाई दौडाएर मनाइने 'खम्ये' जात्रा आज साँझ सम्पन्न भएको छ ।

श्री नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका सल्लाहकार नारायणमान बन मालाका अनुसार यो वर्षको जात्रा अन्य वर्षको तुलनामा चाँडै सम्पन्न भएको हो । भक्तपुरको नवदुर्गा द्योछें (देवता घर)मा पालेर राखेको निख्खर कालो रङको राँगोलाई भक्तपुरको बह्मायणीसम्म दौडाएर जात्रा मनाइएको हो ।

नवदुर्गा घरमा राखिएको खःमेय्लाई तान्त्रिक विधिअनुरूप पूजाआजा गरी नवदुर्गा द्योछेंबाट दौडाएर ब्रह्मायणी पीठसम्म पुऱ्याइन्छ र नवदुर्गालाई मंगलबारै राति बलि चढाइन्छ । भक्तपुरको तलेजु भवानीसँग सम्बन्धित यस जात्राले यहाँको मौलिक संस्कृति, धार्मिक आस्था र ऐतिहासिक परम्परालाई जीवन्त बनाउँदै आएको स्थानीयको भनाइ छ ।

दसैंको महानवमी तथा विजयादशमीको अवसरमा मनाइने खम्ये जात्रा भक्तपुरको महत्वपूर्ण सांस्कृतिक परम्परामध्ये एक हो । यस जात्रामा खम्ये अर्थात् ठूलो राँगोलाई विशेष धार्मिक विधिअनुसार पूजा गरी जात्रा सञ्चालन गरिन्छ ।



तलेजु भवानीको धार्मिक परम्परासँग जोडिएको यस जात्रामा स्थानीयवासी तथा श्रद्धालुको सहभागिता रहने गर्छ । जात्रा हेर्न खम्ये दौडाउने बाटोभरि हजारौंको भीड लागेको देखिएको थियो ।

भक्तपुरका परम्परागत जात्रा तथा पर्वहरूले यहाँको सांस्कृतिक पहिचानलाई जोगाउनाका साथै पुस्तान्तरण गर्दै आएका छन् । खम्ये जात्रा पनि धार्मिक विश्वास, परम्परागत विधि र सामुदायिक सहभागिताको प्रतीकका रूपमा रहँदै आएको छ ।

खम्ये जात्रा सम्पन्न भएसँगै भक्तपुरमा दसैंसँग सम्बन्धित महत्वपूर्ण सांस्कृतिक गतिविधिमध्ये एक पूरा भएको छ ।

सम्पादकीय ....

बडादशैंको शुभकामना !

विजयादशमीका दिन घरका ज्येष्ठ सदस्य तथा मान्यजनले आफूभन्दा सानालाई निधारमा टीका लगाईदिई जमरा प्रदान गर्दै सुख, शान्ति, समृद्धि, दीर्घायु र सफलताको आशीर्वाद दिने चलन छ। यस अवसरमा परिवारका सदस्यहरू एकै ठाउँमा भेला हुने, दुःखसुख साटासाट गर्ने र पुराना मनमुटाव बिर्सेर सम्बन्ध सुधार्ने अवसर प्राप्त हुन्छ। त्यसैले विजयादशमी केवल टीका लगाउने दिन मात्र नभई प्रेम, सद्भाव, क्षमा र एकताको सन्देश दिने पर्व पनि हो।

नेपालीहरूको महान् चाड बडादसैँको सबैभन्दा महत्वपूर्ण दिन विजयादशमी हो। आश्विन शुक्ल दशमीका दिन मनाइने यस पर्वमा मान्यजनबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा छ। असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र अधर्ममाथि धर्मको विजय भएको प्रतीकका रूपमा विजयादशमीलाई लिइन्छ। यो पर्व धार्मिक आस्था र सांस्कृतिक परम्परासँग मात्र नभई पारिवारिक एकता, सामाजिक सद्भाव र मानवीय सम्बन्धसँग पनि जोडिएको छ।

वर्तमान समयमा विज्ञान, प्रविधि र आधुनिक जीवनशैलीले हाम्रो रहनसहनमा ठूलो परिवर्तन ल्याएको छ। रोजगारी, अध्ययन तथा विभिन्न अवसरका कारण धेरै नेपाली आफ्नो घरपरिवारबाट टाढा देशविदेशमा बसिरहेका छन्। विगतमा दसैँमा घरमै उपस्थित भएर टीका लगाउने चलन बढी भए पनि अहिले भिडियो कल, सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट टाढा रहेका आफन्तसँग शुभकामना आदानप्रदान गर्ने प्रचलन बढेको छ। यसले प्रविधिको सही प्रयोगले पारिवारिक सम्बन्धलाई नजिक राख्न सहयोग गर्न सक्छ भन्ने देखाउँछ। तर आधुनिकता अपनाउने नाममा आफ्नो मौलिक संस्कृति, परम्परा र संस्कारलाई बिर्सनु हुँदैन। आधुनिक पुस्ताले विजयादशमीको धार्मिक र सांस्कृतिक महत्व बुझ्दै यसलाई समयअनुकूल रूपमा मनाउन आवश्यक छ। टीका लगाउने तरिका वा उत्सव मनाउने शैलीमा परिवर्तन आउन सक्छ, तर यस पर्वले दिने प्रेम, सम्मान, सद्भाव र सकारात्मक सोचको सन्देश सधैँ जीवन्त रहनुपर्छ।

यस पर्वमा ठूलालाई सम्मान र सानालाई माया गर्ने संस्कारलाई व्यवहारमा उतार्नुपर्छ। जात, धर्म, वर्ग र आर्थिक अवस्थाका आधारमा कसैलाई भेदभाव नगरी सबैसँग सद्भावपूर्ण व्यवहार गर्नुपर्छ। चाडपर्वको नाममा अनावश्यक खर्च, देखासिकी, मदिराको दुरुपयोग तथा वातावरणलाई हानि पुऱ्याउने गतिविधि कम गर्दै सभ्य, सुरक्षित र मितव्ययी तरिकाले दसैँ मनाउनु आजको आवश्यकता हो।

आधुनिक पुस्ताले सामाजिक सञ्जालमा शुभकामना व्यक्त गर्नुका साथै वृद्धवृद्धाको सम्मान, असहायलाई सहयोग र परिवारसँग गुणस्तरीय समय बिताउने कार्यलाई पनि प्राथमिकता दिनुपर्छ। यसो गर्न सके विजयादशमीको वास्तविक भावना व्यवहारमा झल्किनेछ। विजयादशमी हाम्रो पहिचान, आस्था र मौलिक संस्कृतिको महत्वपूर्ण प्रतीक हो। परम्परालाई उचित सन्तुलन कायम गर्न सके दुवैले समाजलाई सकारात्मक दिशामा अघि बढाउन सक्छन्। त्यसैले प्रविधि र आधुनिक सोचलाई आत्मसात् गर्दै आफ्ना संस्कार र परम्पराको संरक्षण गर्नु हाम्रो साझा जिम्मेवारी हो। यस विजयादशमीले सबै नेपालीमा सुख, शान्ति, समृद्धि, आपसी सद्भाव र राष्ट्रिय एकताको भावना विकास गर्न प्रेरणा प्रदान गरोस्। विजयादशमीको हार्दिक मंगलमय शुभकामना !

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

रातो माटो, कमेरो र खोटोको संस्कृति ओझेलमा



ईश्वर थापा

नेपालीहरूको महान् चाड बडादसैँ सुरु भएसँगै गाउँघरमा दसैँको रौनक छाएको छ। बजारमा किनमेल गर्ने, नयाँ लुगा लगाउने, मीठोमसिनो खाने, घरआँगन सफा गर्ने र मान्यजनबाट टीका तथा आशीर्वाद ग्रहण गर्ने परम्पराले दसैँलाई उल्लासमय बनाउने गर्छ। कुनै समय दसैँको आगमनसँगै गाउँघरमा रातो माटो, कमेरो र खोटोको खोजी पनि उत्तिकै चल्थ्यो। घरका भित्ता रातो माटो र कमेरोले पोत्ने, भ्याल ढोकामा खोटो लगाउने र घरलाई चिटिक्क पार्ने चलन दसैँको तयारीकै अभिन्न हिस्सा थियो तर समयसँगै घर निर्माणको शैली फेरिएको छ। सिमेन्ट र आधुनिक रङको प्रयोग बढ्दै जाँदा परम्परागत रूपमा घर पोत्ने चलन भने क्रमशः हराउँदै गएको छ।

कुनै समय दसैँ आउनुअघि धनकुटाका गाउँबस्तीमा रातो माटो र कमेरो खोज्ने चटारो हुन्थ्यो। घर पोत्न मिल्ने चिम्टिया माटो र रातो माटो पाइने ठाउँमा सर्वसाधारणको बाक्लो उपस्थिति देखिन्थ्यो। घरका भित्ता सफा गरेर माटोले पोत्ने, आवश्यक ठाउँमा कमेरो लगाउने र भ्यालढोका खोटोले रङ्गाउने काम घरपरिवारका सदस्य मिलेर गर्थे। दसैँको स्वागत गर्न घरलाई नयाँ रूप दिने यो परम्पराले घरको सरसफाइ र सौन्दर्यसँगै चाडपर्वको उत्साह पनि बढाउँथ्यो।

केही वर्षअघिसम्म दसैँ आउन लाग्दा घर पोत्ने माटो लिन जानेहरूको चहलपहल निकै हुने गरेको धनकुटा नगरपालिका-२ का हरिबहादुर बस्नेतले बताउनुभयो। चिम्टिया माटो र रातो माटो पाइने ठाउँमा सर्वसाधारणको भीड लाग्ने गरेको सम्झना ताजै रहेको उहाँको भनाइ छ। माटोले लिपपोत गरेपछि घर सफा, सुन्दर र चिटिक्क देखिने गरेको उहाँले बताउनुभयो तर अहिले त्यस्तो दृश्य कमै देख्न पाइन्छ। गाउँघरमा समेत सिमेन्टको प्रयोग बढेको छ। परम्परागत ढुङ्गा, माटो र काठ प्रयोग गरेर बनाइने घरको ठाउँमा पक्की घर बन्न थालेका छन्। घरको बाहिरी तथा भित्री भित्तामा सिमेन्टको प्लास्टर गरेर विभिन्न प्रकारका आधुनिक रङ लगाउने चलन बढेको छ। यससँगै रातो माटो, कमेरो र खोटोको प्रयोग पनि घट्दै गएको उहाँले बताउनुभयो।

घरको बनावट परिवर्तन हुनु मात्र नभई मानिसको जीवनशैलीमा आएको परिवर्तनले पनि परम्परागत लिपपोतको चलनलाई प्रभावित बनाएको छ। पहिले घर पोत्ने कामलाई दसैँको तयारीकै रूपमा लिइन्थ्यो। घरका भित्ता पोत्ने, आँगन सफा गर्ने र भ्यालढोका चिटिक्क पार्ने काममा परिवारका सदस्य जुट्थे। अहिले भने बजारमा पाइने रङ र अन्य निर्माण सामग्रीको प्रयोगबाट छोटो समयमा घर सजाउने प्रवृत्ति बढेको छ। यसले परम्परागत सीप र त्यससँग जोडिएको सामूहिक अभ्यासलाई क्रमशः विस्थापित गर्दै लगेको छ।

परम्परागत नेपाली घरको सौन्दर्यमा रातो माटो र कमेरोको विशेष स्थान थियो। माटोले बनेका घरका भित्ता पोत्दा घर सफा र आकर्षक देखिन्थे। रातो माटोले भित्तामा रातामेपन ल्याउँथ्यो भने कमेरोले सेतो रङ प्रदान गर्थ्यो। घरको बनावट र परिवारको रुचिअनुसार यी सामग्री प्रयोग गरिन्थे। यी सामग्री प्रयोग गर्नुको उद्देश्य घर सजाउनु मात्र थिएन, घरलाई व्यवस्थित र सफा राख्नु पनि थियो। दसैँअघि घरको सरसफाइ गर्ने र भित्तामा नयाँ लिपपोत गर्ने चलनले चाडपर्वका लागि घरलाई तयार पार्ने काम गर्थ्यो। घर पोत्ने काममा परिवारका सदस्यसँगै छिमेकी र आफन्तको सहयोगसमेत लिने चलन कतिपय ठाउँमा थियो। यसरी एउटा घरको लिपपोतसँगै सामाजिक सम्बन्ध र आपसी सहयोगको अभ्यास पनि जोडिएको हुन्थ्यो।

परम्परागत घर निर्माणमा स्थानीय स्तरमै उपलब्ध हुने माटो, ढुङ्गा, काठ र अन्य सामग्रीको प्रयोग गरिन्थ्यो।

घरको निर्माण शैलीअनुसार लिपपोतका सामग्री छनोट गरिन्थे। स्थानीय स्रोतसाधनको उपयोग गरेर घरलाई सुन्दर बनाउने यो अभ्यास पुस्तौंदेखि चल्दै आएको थियो तर आधुनिक निर्माण सामग्रीको सहज उपलब्धता र पक्की घरप्रतिको आकर्षण बढेसँगै यस्तो अभ्यासको निरन्तरता कमजोर बन्दै गएको छ।

रातो माटो र कमेरोले भित्ता पोत्ने चलनसँगै काठका भ्याल ढोकामा खोटो लगाउने परम्परा पनि उत्तिकै महत्वपूर्ण थियो। विशेषगरी सालको रुखको छिप्पिएको लोप्रा ताछेर पानीमा पकाई कालो रङको खोटो तयार पार्ने गरिन्थ्यो। यसरी तयार पारिएको खोटो काठका भ्याल ढोका र आवश्यक भागमा लगाउने चलन थियो।

धनकुटा नगरपालिका-२ का मोहन थापाका अनुसार सालको लोप्राबाट बनाइएको खोटो वर्षमा एक पटक भ्याल ढोकामा लगाए पछि धमिराले काठ खानबाट जोगिने र धुल्याहा नलाग्ने विश्वास गरिन्थ्यो। यसले भ्याल ढोकालाई कालो रङ दिनुका साथै काठको संरक्षणमा समेत सहयोग गर्ने उहाँको भनाइ छ। अहिले भने काठमा लगाउने आधुनिक रङ, वार्निस तथा अन्य रासायनिक पदार्थको प्रयोग बढेको छ। घरको बनावट र प्रयोग गरिने सामग्रीमा आएको परिवर्तनसँगै परम्परागत रूपमा खोटो तयार पार्ने र लगाउने सीप पनि हराउँदै गएको छ।

पहिले घरपरिवारकै ज्ञान र अनुभवका आधारमा तयार पारिने यस्ता सामग्री अहिलेको पुस्ताका लागि अपरिचित बन्दै गएका छन्। खोटो बनाउने प्रक्रियामा स्थानीय वन स्रोतको पहिचान, काठका विभिन्न भागको उपयोग र परम्परागत अनुभव जोडिएको थियो। सालको लोप्रा ताछ्ने, त्यसलाई पकाउने र प्रयोगयोग्य बनाउने ज्ञान अहिले पुस्तान्तरण हुँदै आएको थियो। अहिले यसको प्रयोग घट्दै जाँदा यस्तो सीपको संरक्षण नै हुन सकेको छैन।

दसैँसँग जोडिएको संस्कार र सामूहिक अभ्यास

दसैँ नेपाली समाजमा धार्मिक तथा सांस्कृतिक महत्व बोकेको पर्व हो। यस अवसरमा घर सफा गर्ने, लिपपोत गर्ने, घरआँगन सजाउने र आफन्तसँग भेटघाट गर्ने परम्परा लामो समयदेखि चल्दै आएको छ। विशेषगरी ग्रामीण क्षेत्रमा घर पोत्ने काम दसैँको आगमनसँग जोडिएको सांस्कृतिक अभ्यासका रूपमा स्थापित थियो।

घरको लिपपोत गर्दा भित्तामा नयाँ रङ थपिने मात्र होइन, घरमा चाडपर्व आएको अनुभूति पनि हुन्थ्यो। घरका सदस्य मिलेर काम गर्ने, आवश्यक माटो खोज्न जाने र सामग्री तयार पार्ने प्रक्रियाले दसैँको तयारीलाई सामूहिक गतिविधिका रूपमा अघि बढाउँथ्यो। घर पोतिसकेपछि सफा र चिटिक्क देखिएको घरमा दसैँ मनाउने उत्साह अझ बढ्ने गरेको पुरानो पुस्ताको अनुभव छ। धनकुटाका ७१ वर्षीय मोहन थापाका अनुसार विगतमा रातो माटो, खोटो र कमेरोले घरको लिपपोत गर्नु दसैँतिहारसँग जोडिएको संस्कृतिको अर्को पाटोजस्तै बनेको थियो। तर, आधुनिकतासँगै पुराना प्रचलन हराउँदै जाँदा अहिलेको पुस्तालाई यस्ता परम्परा र सामग्रीका विषयमा जानकारीसमेत कम हुँदै गएको उहाँको भनाइ छ।

आधुनिकतासँगै बदलियो घरको स्वरूप

समय परिवर्तनसँगै मानिस को बसोबास गर्ने शैली र घर निर्माणका सामग्रीमा पनि परिवर्तन आएको छ। पहिले ढुङ्गा, माटो र काठबाट घर बनाउने चलन बढी थियो। यस्ता घरको भित्ता पोत्न रातो माटो र कमेरो प्रयोग गरिन्थ्यो भने काठका भ्याल ढोकामा खोटो लगाइन्थ्यो।

स्थानीय स्तरमा उपलब्ध सामग्री प्रयोग गर्दा घरको निर्माण र मर्मतसम्भारमा समुदायको परम्परागत ज्ञानको उपयोग हुन्थ्यो। अहिले सिमेन्ट, इँटा, रङ र अन्य आधुनिक निर्माण सामग्रीको प्रयोग बढेको छ।

पक्की घर निर्माण गर्ने क्रमसँगै घरको बाहिरी तथा भित्री भागमा आधुनिक रङ लगाउने चलन व्यापक बनेको छ। बजारमा विभिन्न रङ र सजावटका सामग्री सहजै उपलब्ध हुन थालेपछि माटो र कमेरो खोज्नुपर्ने आवश्यकता पनि धेरै परिवारमा घटेको छ।

आधुनिक निर्माण सामग्रीको प्रयोगले घरलाई टिकाउ र व्यवस्थित बनाउने अवसर दिएको भए पनि पुराना सीप र स्थानीय सामग्रीको उपयोगसम्बन्धी ज्ञान भने संरक्षणको चुनौतीमा परेको छ। नयाँ पुस्ताले आधुनिक घर निर्माणको शैलीसँग परिचित हुँदै जाँदा पुर्खाले प्रयोग गर्ने माटो, कमेरो र खोटोका विशेषता बुझ्ने अवसर कम पाउन थालेका छन्।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं।



ट्राफिक नियम पालना गरौं।

नेपाल सरकार,
विज्ञापन बोर्ड

नवरात्रको अन्तिम दिनः सिद्धिदात्री देवीको विधिपूर्वक विशेष पूजाआराधना

प्रत्यूष समाचारदाता



काठमाडौँ। शारदीय नवरात्र अथात् दुर्गा पक्षको दशौँ दिन दसैँ घर वा पूजा कोठामा नौ दुर्गामध्येकी नवौँ सिद्धिदात्री देवीको विधिपूर्वक पूजाआराधना गरिएको छ।

प्रत्येक वर्ष आश्विन शुक्ल नवमी अर्थात् दुर्गा पक्षको नवौँ दिन सिद्धिदात्री देवीको विधिपूर्वक पूजाआराधना गर्ने वैदिक सनातनी परम्परा रहेकामा यस वर्ष भने महाअष्टमी तिथि वृद्धि भई दशौँ दिनमा पूजा गरिएको हो । घटस्थापना गरिएको स्थलमै नवौँ सिद्धिदात्री देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको छ। सिद्धि दिने भएकैले नवौँ देवीको नाम सिद्धिदात्री रहेको विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख छ।

सिद्धिदात्री देवीको स्वरुप

मुक्त हुन चाहनेहरुलाई मोक्ष प्रदान गर्ने हुनाले देवीलाई सिद्धिदात्री भनिन्छ । सिद्ध अर्थात् मोक्ष हुन चाहनेलाई मुक्ति दिन सक्ने भएकैले ती देवीको नाम सिद्धिदात्री रहेको पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ । सिद्ध, गन्धर्व, यक्ष, सुर र असुरद्वारा सेवित भएकाले यिनलाई सिद्धिदायिनी पनि भनिन्छ। यिनी नवदुर्गा गणकी अन्तिम अर्थात् नवौँ देवी मानिएकी छिन्। सिद्धिदात्री देवीको विधिपूर्वक पूजाआराधना गरेमा मनकामना पूरा हुने धार्मिक विश्वास छ।

दुर्गा देवीका नौ नाम स्वयम् ब्रह्माजीले मार्कण्डेय ऋषिलाई बताउनुभएको विभिन्न पुराणमा उल्लेख छ। यी नौ नाम स्मरणमात्र गर्नाले जुनसुकै कष्ट वा सङ्कटबाट पनि मानिसले सजिलैसँग छुटकारा पाउने विश्वास गरिन्छ।

नवरात्रको पहिलो दिन असोज २५ गते आइतबार दसैँ घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो ।

दोस्रो दिन असोज २६ गते सोमबार पूजा स्थलमा ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो भने तेस्रो दिन असोज २७ गते मङ्गलबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो। चौथो दिन असोज २८ गते बुधबार कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गरिएको थियो भने पाँचौँ दिन असोज २९ गते बिहीबार स्कन्द माताको पूजाआराधना गरियो। छैटौँ दिन असोज ३० गते शुक्रबार कात्यायनी देवीको विधिपूर्वक पूजाआराधना गरिएको थियो ।

यसैगरी, सातौँ दिन असोज ३१ गते शनिबार कालरात्रि देवीको विधिपूर्वक पूजाआराधना गरियो । दुर्गा पक्षको आठौँ दिन कात्तिक १ गते आइतबार र कात्तिक २ गते सोमबार पनि महागौरी देवीको विशेष आह्वानसहित पूजाआराधना गरियो। महाअष्टमी तिथि वृद्धि भई दुई दिन महागौरी देवीको पूजाआराधना गर्नुपर्ने शास्त्रीय विधि रहेको वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्राडा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो। दुर्गापक्षको नवौँ दिन एवं नवरात्रको अन्तिम दिन मंगलबार (हिजो) सिद्धिदात्री देवीको विधिपूर्वक विशेष पूजाआराधना गरिएको छ। नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवी भागवत लगायत देवी स्तोत्र पाठ पनि गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ। यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् ।

दुर्गा पक्ष पनि भनिने दसैँको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्रि, आठौँ दिन महागौरी, र नवौँ दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यीनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा पनि भनिन्छ । नवरात्रमा देशभरका शक्तिपीठमा पूजाआराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्छ । देशभरका शक्तिपीठमा बिहानैदेखि भक्तजन लाम लागेर बसेका छन् । वर्षमा एक दिनमात्र खुल्ने हनुमान ढोका दरबार क्षेत्रमा रहेको तलेजु भवानीको मन्दिर पनि आजै भक्तजनका लागि खोलिएको छ । तलेजु मन्दिरमा अहिले पनि उल्लेख्य सङ्ख्याका दर्शनार्थी लाममा बसेका छन्। महाअष्टमीमा जस्तै आज पनि शक्तिपीठ एवं घर-घरमा बलिसहित पूजा आराधना गरी नेपालीले आजको दिनलाई विशेष पर्वका रुपमा मनाउँछन् ।

नौ दिनसम्म आराधना गरिएकी देवीलाई यही कात्तिक ४ गते बुधबार बिहान ८:४९ बजे विसर्जन गर्ने साइत दिइएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष डा पुरुषोत्तम भट्टराईले राससलाई जानकारी दिनुभयो । देवीको प्रसाद लगाउन दिनभर कुनै बाधा नभए पनि साइत खोज्नेका लागि बिहान १०:२६ बजेको साइत दिइएको उहाँले सुनाउनुभयो । बुधबारदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट दुर्गादेवीको प्रसादका रुपमा टीका र जमरा ग्रहण गरिन्छ ।

विजयादशमीको दौडदेखि गोरखा राज्यसम्म द्रव्य शाहको यात्रा



लमजुङ। नेपाली समाजमा धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोकेको विजयादशमी पर्वसँग जोडिएको गोरखाको लिगलिगकोट को परम्परा पनि नेपालको इतिहासमा चर्चित छ । प्रचलित जनश्रुतिअनुसार विजयादशमीका दिन लिगलिगकोटमा दौड आयोजना गरिन्थ्यो र दौडमा प्रथम हुने व्यक्ति राजा बन्ने परम्परा थियो । यही ऐतिहासिक प्रसङ्गसँग जोडिएका लमजुङका राजकुमार द्रव्य शाहको यात्रा गोरखामा छुट्टै राज्य स्थापना गर्नेसम्म पुगेको थियो। द्रव्य शाहको जीवनयात्रा दौड जितेर राजा बनेको कथामा मात्र सीमित छैन ।

लमजुङको राजपरिवारमा जन्मिएका उनी राइनासकोटमा पूर्वी किल्लाको रक्षा गर्ने जिम्मेवारी सम्हाल्नेदेखि गोरखामा नयाँ राज्य स्थापना गर्नेसम्मको राजनीतिक यात्रामा अघि बढेका थिए । उनको जीवनसँग राजपरिवारको उत्तराधिकार, स्थानीय व्यक्तिहरूको सहयोग, राज्य स्थापनाको आकाङ्क्षा र दुई राज्यबीचको सीमासम्बन्धी प्रसङ्ग जोडिएका छन् । लमजुङका इतिहासका जानकार कृष्णराज ओलियाका अनुसार द्रव्य शाह लमजुङका राजा यशोब्रह्म शाहका कान्छा छोरा तथा नरहरि शाहका भाइ थिए । यशोब्रह्म शाहलाई कास्कीबाट ल्याएर लमजुङको राजा बनाउन खजे दुरालगायत व्यक्ति हरूले भूमिका खेलेको ऐतिहासिक विवरण पाइन्छ । यशोब्रह्म शाहले १५५० सालमा लमजुङको राजगद्दी सम्हालेको बताइन्छ ।

यशोब्रह्म शाहपछि नरहरि शाह राजगद्दीका उत्तराधिकारी बने । तत्कालीन राजपरम्परामा जेठा छोरा उत्तराधिकारी बन्ने चलन रहेकाले द्रव्य शाहका लागि लमजुङको राजा बन्ने बाटो सहज थिएन । त्यसपछि उनले छुट्टै राज्य स्थापना गर्ने दिशामा राजनीतिक गतिविधि अघि बढाएको ओलिया बताउनुहुन्छ । ओलियाका अनुसार लमजुङको पूर्वी किल्लाको रक्षा गर्ने जिम्मेवारी द्रव्य शाहले पाएका थिए । त्यसका लागि उनलाई हालको राइनास नगरपालिकास्थित राइनासकोट मा राखिएको थियो । त्यहाँ सैनिकहरू खटिएका थिए भने गाईवस्तु पाल्ने गोठसमेत रहेको स्थानीय रुपमा ऐतिहासिक विवरण छ ।

राइनासकोटमा बसेर द्रव्य शाहले पूर्वी क्षेत्रको सुरक्षासम्बन्धी जिम्मेवारी सम्हालेका थिए । द्रव्य शाहको राइनासकोट बसाइसँग गोरखनाथको आशीर्वादसम्बन्धी जनश्रुति पनि जोडिएको छ । ओलियाका अनुसार एक दिन द्रव्य शाहले गोरखनाथलाई खिर खुवाएका थिए । त्यसबाट प्रसन्न भएका गोरखनाथले उनलाई पूर्वतर्फ गएर राजा हुने आशीर्वाद दिएको कथन प्रचलित छ । यो प्रसङ्ग प्रमाणित ऐतिहासिक घटनाभन्दा स्थानीय जनश्रुति छ ।

सो बेलामा राइनासकोट मा गाईगोठ समेत हेर्ने र त्यहाँको दूध दही घ्यू, लमजुङ दरबार पठाउने गर्ने गरेको उहाँको भनाइ छ ।

द्रव्य शाहको गोरखा यात्रामा स्थानीय व्यक्तिहरूको सहयोग महत्वपूर्ण रहेको ओलिया बताउनुहुन्छ । उहाँका अनुसार नारायणदास अर्यालले गायत व्यक्तिहरूले द्रव्य शाहलाई गोरखा मा राजा बन्न प्रस्ताव गरेका थिए । उक्त प्रस्ताव स्वीकार गरेपछि उनी गोरखातर्फ अघि बढेका थिए । त्यसबेला गोरखामा खड्का राजाहरूको शासन रहेको ऐतिहासिक विवरण पाइन्छ । उहाँका अनुसार सङ्ग्रहालय तथा स्मारक संरक्षण कार्यालय, गोरखाका प्रमुख मिमी प्रधानका अनुसार द्रव्य शाहलाई गोरखामा राज्य स्थापना गर्न गणेश पाण्डे, भागीरथ पन्त, नारायण अर्याल, गङ्गाराम राना, सर्वेश्वर खनाल, केशव बोहोरा र मूर्ति खवासलगायत स्थानीय व्यक्तिहरूले सहयोग गरेका थिए ।

स्थानीय व्यक्तिहरूको समर्थन जुटाएर नयाँ सत्ता स्थापना गर्ने अभियान अघि बढाइएको विवरणले द्रव्य शाहको राजनीतिक यात्रामा स्थानीय सहयोगको महत्व देखाउँछ । गोरखाको लिगलिग कोटसँग जोडिएको विजयादशमीको दौड परम्परा द्रव्य शाहको इतिहासको चर्चित पक्ष हो । प्रचलित कथनअनुसार दौडमा प्रथम हुने व्यक्ति राजा बन्ने चलन थियो । यद्यपि द्रव्य शाहले गोरखामा सत्ता स्थापित गरेको घटनालाई दौडको परिणामसँग मात्रै जोडेर हेर्नु अपूरो हुन्छ । तत्कालीन राजनीतिक परिस्थिति, स्थानीय प्रभावशाली व्यक्तिहरूको समर्थन र राज्य स्थापना गर्ने रणनीतिसमेत उनको यात्रासँग सम्बन्धित थिए । दौडको परम्परा र द्रव्य शाहको राज्यारोहण सम्बन्धी विवरणमा ऐतिहासिक स्रोतअनुसार भिन्नता पाइने भएकाले यी प्रसङ्गलाई छुट्टाछुट्टै बुझ्नु आवश्यक छ ।

ऐतिहासिक विवरणअनुसार द्रव्य शाह १६१६ भदौ २५ गते गोरखाको राजगद्दीमा बसेका थिए । उनले स्थानीय व्यक्तिहरूको सहयोगमा गोरखामा छुट्टै राज्य स्थापना गरेपछि शाहवंशीय शासनको नयाँ अध्याय सुरु भयो । गोरखामा सत्ता स्थापित गरेपछि उनले आसपासका क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्दै लगेको विवरण पाइन्छ । मिमी प्रधानका अनुसार लिगलिगकोट, सिरानचोक र अजिरगढलगायत क्षेत्र द्रव्य शाहको राज्य विस्तारको प्रसङ्ग जोडिएका छन् ।

द्रव्य शाहको उदयसँगै उनका दाजु नरहरि शाहसँगको सम्बन्ध र दुई राज्यबीचको सीमाको विषय पनि महत्वपूर्ण बनेको थियो। ओलियाका अनुसार द्रव्य शाह र नरहरि शाहबीच राज्यको सीमा सम्बन्धी विषयमा मतभेद उत्पन्न भएको थियो तर त्यसलाई लामो युद्धमा परिणत हुन नदिई सीमा छुट्याइएको ऐतिहासिक कथन छ। प्रचलित कथनअनुसार दाजुभाइ बीच विवाद बढ्न सक्ने अवस्था देखिएपछि आमाले मध्यस्थता गर्नुभएको थियो। उहाँले चेपे नदीमा दूध बगाएर दुई राज्यबीचको सीमा छुट्याइदिनुभएको बताइन्छ । त्यसपछि द्रव्य शाहले लमजुङतर्फ राज्य विस्तार नगरी पूर्वतर्फ आफ्नो प्रभाव बढाउँदै लगेको र लमजुङ तथा गोरखाबीचको विवाद साम्य भएको उहाँको भनाइ छ ।

द्रव्य शाहले स्थापना गरेको गोरखा राज्य पछि शाहवंशीय शासनको केन्द्रका रूपमा विकसित भयो । उनका उत्तराधिकारीहरूले राज्य विस्तार गर्दै लगे। यही वंशका पृथ्वीनारायण शाहले पछि नेपाल एकीकरणको अभियान अघि बढाए। द्रव्य शाहको इतिहास गोरखाको राजगद्दी र राज्य विस्तारमा मात्र सीमित छैन। लमजुङको राजपरिवार मा जन्मिएका उनी राइनासकोटमा पूर्वी किल्लाको जिम्मेवारी सम्हाल्ने व्यक्तिबाट गोरखामा छुट्टै राज्य स्थापना गर्ने शासक बने । लिगलिगकोटको विजयादशमी परम्परा, गोरखनाथको आशीर्वाद सम्बन्धी जनश्रुति, स्थानीय व्यक्तिहरूको सहयोग र चेपे नदीको सीमासम्बन्धी कथनले त्यस समयको राजनीतिक तथा सामाजिक परिवेश बुझ्न मद्दत गर्छन् । ऐतिहासिक सम्पदाको संरक्षण पनि इतिहासलाई भावी पुस्तासम्म पुऱ्याउने महत्वपूर्ण आधार हो। सङ्ग्रहालय तथा स्मारक संरक्षण कार्यालयका प्रमुख प्रधानका अनुसार आर्थिक वर्ष २०८३/८४ मा ऐतिहासिक सम्पदाको संरक्षणका लागि बजेटको व्यवस्था गरिएको छ। लिगलिगकोटलगायत सम्बन्धित ऐतिहासिक स्थलको आवश्यक प्राविधिक जाँच तथा मूल्याङ्कन गरी अवस्थाअनुसार संरक्षणका काम अघि बढाइने उहाँले बताउनुभयो। यसबाट ऐतिहासिक स्थलको मौलिकता जोगाउँदै तिनको ऐतिहासिक महत्व भावी पुस्तासम्म पुऱ्याउन सहयोग पुग्नेछ । विजयादशमीको दौडदेखि गोरखामा राज्य स्थापना गर्दासम्मको द्रव्य शाहको यात्रा तत्कालीन राजनीतिक परिस्थिति, राजपरिवारको उत्तराधिकार र स्थानीय सहयोगसँग गाँसिएको छ।

लमजुङका राजकुमार बाट गोरखाका राजा बनेका द्रव्य शाहको यही यात्रा नेपालको इतिहासमा महत्वपूर्ण राजनीतिक अध्यायका रूपमा स्मरण गर्ने गरिन्छ ।

खाना स्वाद मात्र होइन नेपाली संस्कृति पनि हो : वरिष्ठ सेफ केसी

काठमाडौँ। खाना जिब्रोको स्वादका लागि मात्र नभएर शारीरिक स्वास्थ्यका लागि खानुपर्दछ भनिन्छ। किनभने जिब्रोलाई मिठोमात्र लाग्ने खानाले स्वास्थ्यमा सधैँ राम्रै गर्छ भन्ने हुँदैन ।

मानिसमा प्रायः कुन खानाले आफ्नो शरीरलाई के कस्तो असर या राम्रो गर्छ भन्ने ज्ञान हुन्छ। तर पनि स्वादका लागि र जिब्रोका लागि खाने गरेका हुन्छन्। त्यसैले पछिल्लो समय मिठो भन्दा पनि स्वस्थ एवं सन्तुलित खानाको सूची बनाएर कुन बार के खाने भन्ने योजनासहित मानिसले खानपान अपनाएको देखिन्छ।

नेपालका कतिपय खाना संस्कार र संस्कृतिसँग पनि जोडिएका छन् । त्यसैले कुन पर्व या उत्सवमा के खाने भन्ने परम्परा नै बनेको छ । अहिले मानिसको मिठो मात्र खाने बानीका कारण अर्थात् तीभन्दा पनि मिठा परिकार बजारमा आइसकेकाले परम्परागत र रैथाने खानाका परिकारहरुको प्रचलन घट्दै जानथालेको पाका पुस्ताको बुझाइ छ । वरिष्ठ सेफ गोविन्दनरिसंह केसी नेपालका त्यस्ता परम्परागत खाना जिब्रोको स्वादका लागि भन्दा पनि नेपालको तत्कालीन समय, मौसम एवं शारीरिक स्वास्थ्यसँग जोडिएर प्रचलन बनेका या बनाइएका बताउनुहुन्छ।

नेपाली संस्कारअनुसार मासु, सेलरोटी, खिर, क्वाँटी, तरुल, घ्युचाकूलगायतका परिकारलाई नेपालको परम्परा र संस्कारसँग जोडेर खाने गरिएको छ। ती सबै खानाको समय र मौसम किन त्यसै समयमा राखियो भन्ने कुरा संस्कारसँग भन्दा पनि मौसम र त्यो मौसममा मानिसको स्वास्थ्य सँग जोडिएको हुनसक्ने केसी बताउनुहुन्छ। नेपालका उत्सव र परम्परासँग जोडिएर आउने खानामा मासु पनि हो। नेपालको ठूलो पर्व दसैँलाई मानिन्छ र दसैँमा खाने विशेष परिकार मासु बन्ने गरेको छ । यो धेरै पहिलेदेखि नै प्रचलनमा रही आएको पनि छ।

दसैँलाई विशेष गरेर लामो समयसम्म भेटघाट नभएका आफन्तसँगै रहेर मिठो मसिनो खाने पर्वका रूपमा पनि लिने गरिन्छ। हुनत नेपालमा चाडबाड भन्ने बित्तिकै खानपानका परिकार प्राथामितमा पर्ने गरेका छन् र त्यसमा पनि दसैँ र मासुको संयोग धेरै पुरानै हो ।

यसै सन्दर्भमा नेपालका अग्रणी 'एक्जिक्युटिभ' सेफ मध्येका एक केसी खानालाई जिब्रोको स्वाद दिने तथा केवल पेट भर्ने माध्यम मात्र नभई देशको संस्कृति, परम्परा र पहिचानका रूपमा लिने, खाने र परम्परा जोगाइराख्नुपर्ने सुझाव दिनुहुन्छ।

उहाँले भन्नुभयो, "नेपाली खानाले नेपालको संस्कृति, आतिथ्यता र जीवनशैलीलाई पनि उजागर गर्ने गरेको छ । नेपाली खानाका विशेषता, महत्व, स्वाद, मसला जस्ता विविध विषयसँग जोडिएको छ । भोजन शरीरलाई शक्ति दिनका लागि हो, अजीर्ण हुनेगरी खानका लागि होइन। खानाले तत्काल सन्तुष्टि दिए पनि खाने बेलामा त्यसले स्वास्थ्यमा पार्ने असरका बारेमा सोच्न सक्नुपर्दछ।"

गोकर्ण जंगलको वनदेवीमा दर्शनार्थीको लाम

काठमाडौँ । वर्षमा एकपटक शारदीय नवरात्रमा मात्र सर्व साधारण भक्तजनलाई पूजा, आराधना एवं दर्शनका लागि खोलिने गोकर्णेश्वर नगरपालिका-४ स्थित वनदेवी मन्दिरमा ठूलो संख्यामा मंगलबार (हिजो) भक्तजनले दर्शन गरेका छन् ।

साविकको राजनिकुञ्ज हाल नेपाल ट्रष्टको कार्यालय मातहत रहेको गोकर्ण जङ्गलस्थित राष्ट्रिय वन क्षेत्र भित्रको ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक र धार्मिक दृष्टिले महत्वपूर्ण वनदेवी मन्दिरमा नवरात्रका अवसरमा पूजा, आराधना एवं दर्शनका लागि राजधानीका विभिन्न स्थानबाट भक्तजन पुग्ने गरेका छन् ।

गोकर्णेश्वर नगरपालिका-४ स्थित यो मन्दिर वर्षमा नवरात्रका चार दिनमात्र सर्व साधारणका लागि खुला गरिन्छ । फूलपातीदेखि विजयादशमीसम्म चार दिन हजारौँ भक्तजनले यहाँ पूजा आराधना एवं दर्शन गर्ने गरेको नेपाल ट्रष्टको कार्यालय गोकर्ण दक्षिणढोका एकाईका कर्मचारी प्रकाश केसीले राससलाई जानकारी दिनुभयो ।

नेपाल ट्रष्टको कार्यालयले पनि वर्षमा एकपटक बोकाको बलिसहित पूजा गर्ने गरेको पनि उहाँले सुनाउनुभयो । यो मन्दिरमा प्रवेश गर्ने चार वटा बाटो रहेका छन् । गोकर्णेश्वर महादेव मन्दिरअघि हाल नेपाली सेनाको विपद् व्यवस्थापन गणको मूल ढोका, उत्तरवाहिनीस्थित पञ्चमुखी हनुमान मन्दिर नजिकैको प्रवेशद्वार, गोकर्ण फरेस्ट रिसोर्टको प्रवेशद्वार र दक्षिणढोकास्थित नेपाल ट्रष्टको कार्यालय गोकर्ण एकाईबाट जान सकिन्छ ।

उत्तरवाहिनी र गोकर्ण मन्दिरअघिको बाटोबाट थोरै पैदल यात्रामा वनदेवीको दर्शन गर्न सकिन्छ । यी दुवै बाटोबाट करिब १५ मिनेटको पैदल यात्रामा वनदेवी जान सकिने गोकर्णेश्वर नगर पालिका वडा नं. ४ का वडा अध्यक्ष जयराम महतले जानकारी दिनुभयो । मन्दिरमा हाल नित्य पूजा भने हुन नसकेको पनि उहाँले स्वीकार गर्नुभयो । यो वन राजनिकुञ्ज भएर सर्वसाधारणका लागि बन्द गरिएदेखि नै यहाँ नित्य पूजा हुन नसकेको हो । राजनिकुञ्ज हुँदा राजदरबारबाट नै वर्षमा एकपटक बोकाको बलिसहित विशेष पूजा गरिन्थ्यो । हाल यो परम्परालाई नेपाल ट्रष्टको कार्यालयले निरन्तरता दिएको छ । गोकर्णको वनदेवीसँगै राजधानीका गुह्येश्वरी, जय वागीश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभा भगवती, विजेश्वरी, इन्द्रायणी, रक्तकाली, श्वेतकाली, दक्षिणकाली, चामुण्डामाई, सुन्दरीमाई, बज्रयोगिनी, बगलामुखी, टोखा चण्डेश्वरी लगायत शक्तिपीठ एवं देवी मन्दिरमा पनि दर्शनार्थी भक्तजनको लाम लागेको छ । नवरात्रको अन्तिम दिन भएकाले देशभरका सबै शक्तिपीठ र देवीस्थान एवं मन्दिरमा बिहानैदेखि बेलुकीसम्म नै लामो लाम लागेको जनाइएको छ ।

ब्रम्हायणी मन्दिरमा मेला सुरु

भक्तपुर । बडा दसैँको नवौं दिन महानवमीका दिन मनाइने ३२ लक्षणयुक्त निकुथु (निक्खर) राँगो दौडाउने जात्रा सम्पन्न भएसँगै ब्रम्हायणी मन्दिरमा मेला सुरु भएको छ । नवदुर्गा मन्दिरबाट महिषासुरको प्रतीक मानिने निक्खर राँगो अर्थात खःमेयलाई दौडाउँदै ब्रम्हायणी मन्दिर पुर्याएर बध गरेसँगै ब्रम्हायणी मन्दिरमा जात्रा सुरु भएको हो । ब्रम्हायणीको दर्शन गर्न र मेला भर्न रातभर मन्दिरमा मेला लाग्ने गर्दछ । मंगलबारै व्यासी टोलबाट कालो राँगो दौडाउँदै यालाछें, बालाखु हुँदै दरबार स्क्वायरसम्म ल्याएर तलेजुमा पुर्याइ कालरात्रि पूजा गरिएको छ ।

राँगो जात्राको क्रममा स्थानीयहरूले बाटोको दुवै छेउमा बसी सुकुन्दा बत्ती बालेर राँगोको पूजा गरेका थिए । जात्रा दरबार स्क्वायरमा पुगेपछि खड्ग लिएर बसेका पूजारी ब्राह्मणले मूलचोक भित्र्याउन आदेश दिएका थिए राँगोलाई तलेजुको मूलचोकमा पुर्याएर कालरात्री मनाइएको तलेजुका पूर्वमूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिनुभयो ।

दशैँको महाअष्टमीको अवसरमा मंगलबार तलेजुमा ५४ बोका, ३२ राँगो र ३२ हाँस बलि दिएर कालरात्रि मनाइएको छ ।

गुठी संस्थान कार्यालय अर्थात सरकारको व्यवस्थापनमा वर्षौंदेखि चल्दै आएको बलि दिने परम्पराअनुसार बली पूजा गरिएको उहाँले जानकारी दिनुभयो । अष्टमीको कालरात्रिको पूजा अति विशिष्ट हुने गरेको जानकारी दिदै उहाँले यस रात निकुथुँ अर्थात् ३२ गुणले युक्त निक्खर कालो राँगोसहित बलि पूजा गर्ने परम्परा रहेको छ ।

नवप्रवर्तनलाई प्राथमिकता, १६५ कानून निर्माणको लक्ष्य

नारायणगढ । विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकास र मुलुकको समृद्धिका लागि आवश्यक कानुन निर्माणलाई सरकारले प्राथमिकतामा राखेको मन्त्रिपरिषद्का दुई सदस्यले बताउनुभएको छ ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन र कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोभिता गौतमले भरतपुरमा स्थानीयवासीसँगको साक्षात्कार कार्यक्रममा नवप्रवर्तन, प्रविधिको उपयोग र कानुन निर्माणलाई पहिलो प्राथमिकतामा राखेर वर्तमान सरकारले काम गरिरहेको बताउनुभयो । मन्त्री पुनले नयाँ मन्त्रालय स्थापना भएको र आवश्यक कानुनको अभावमा प्रारम्भमा केही चुनौती भए पनि त्यसलाई पार लगाउँदै सरकार समृद्ध नेपाल निर्माणको मार्गमा अग्रसर भएको बताउनुभयो ।

"कानून निर्माणका प्रक्रिया केही जटिल र समय लाग्ने भए पनि अध्यादेशबाट कानुनी बाटो खोलिएको छ । अब मन्त्रालयले आफ्ना योजना र अनुसन्धानका कामलाई तीव्रताका साथ अघि बढाउनेछ," मन्त्री पुनले भन्नुभयो । सो क्रममा मन्त्री गौतमले लोकतान्त्रिक शासन व्यवस्थामा जनता सर्वोपरि हुने र जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउनुभयो । सुशासन र विकासका खातिर चाँडोभन्दा चाँडो आवश्यक कानुन तर्जुमा गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले १६५ वटा कानुन निर्माणको लक्ष्यसहित सदनलाई विवरण बुझाइसकिएको तथा ५४ वटा कानुनका मस्यौदा सम्बन्धित मन्त्रालयबाट मन्त्रिपरिषद्मा प्रस्तुत भएका जानकारी दिनुभयो । नवप्रवर्तनसम्बन्धी कानुन पनि चाँडै सदनमा प्रस्तुत गरिने मन्त्री गौतमले बताउनुभयो ।

कात्तिक १३ गतेदेखि तीनदिने काठमाडौँ फिल्म फेस्टिभल हुँदै

काठमाडौँ । काठमाडौँ महानगर पालिकाले यही कात्तिक १३, १४ र १५ गते फिल्म फेस्टिभल आयोजना गर्ने भएको छ ।

यही कात्तिक १३ गते वसन्तपुरमा सम्पदा यात्राबाट शुभारम्भ हुने सो फेस्टिभल अन्तर्गत राष्ट्रिय सभा गृह, नेपाल पर्यटन बोर्ड, जय नेपाल सिनेमा घर र तारागाउँमा विभिन्न कार्यक्रम आयोजना हुने छ ।

फिल्म प्रदर्शन साझेदारीका रुपमा जय नेपाल सिनेमा, सवारीसाधन तथा यातायातका लागि अग्नि ग्रुप र इनड्राइभ, अन्तरराष्ट्रिय चलचित्र क्षेत्रसँगको सम्बन्धका लागि काठमाडौँस्थित अमेरिकी र अष्ट्रेलियन दूतावास, युनेस्को, अलाइन्स फ्रेन्चिजसँग सहकार्य भएको महानगरपालिकाले जनाएको छ ।

यसैगरी, विद्युतीय टिकट तर्फ 'हिमालय पे'सँग सम्झौता भएको छ । दर्शकहरुका लागि फिल्म प्रदर्शन निःशुल्क हुने र सिट रिजर्भका लागि निःशुल्क टिकट लिनुपर्ने व्यवस्था गरिएको छ । कार्यक्रम आयोजना हुने स्थलका लागि हनुमानढोका दरबार सङ्ग्रहालय विकास समिति, बौद्ध क्षेत्र विकास समिति र तारागाउँ नेक्स्ट म्युजियमसँग सहकार्य भएको महानगरपालिकाले जनाएको छ ।

सम्पदा दौड (हेरिटेज रन) का लागि एनएसआर स्पोर्टस फाउन्डेसन (काठमाडौँ म्याराथन), आतिथ्यताका लागि होटल एसोसिएनसन अफ नेपाल (हान) र नेपाल पर्वतारोही सङ्घ (माउन्टेरिङ एसोसिएसन)सँग कार्यक्रम व्यवस्थापनका लागि माब्रिक्स र आइएसएससँग सम्झौता भइसकेको महानगर पालिका द्वारा मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ ।

फेस्टिभल शुभारम्भका अवसरमा 'भिडियो च्यालेञ्ज'बाट छानिएको एउटा लघु चलचित्र र पुरानो चलचित्र सिन्दूरको खुला प्रदर्शन हुनेछ । नयाँसडक-जुद्ध शालिकदेखि इन्द्रचोकसम्मको सडकमा प्रदर्शन हुने चलचित्र हेर्न सर्वसाधारण सबैलाई खुला आह्वान गरिएको छ ।

फेस्टिभल अवधिमा सर्ट फिल्म भिडियो च्यालेञ्ज, नेपाल पानोरामा र इन्टरनेसनल पानोरामा अन्तर्गत ४० वटा चलचित्र प्रदर्शन गरिनेछन् । यस्तै महानगरपालिकाले आह्वान गरेको 'युथ भिडियो च्यालेञ्ज' का विजेताहरुलाई अवार्ड र 'नेपाल पानोरमा' बाट छानिएका लाई प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ ।

त्यसैगरी, नेपाल पर्यटन बोर्डमा मास्टर क्लास र अन्तर-क्रियात्मक संवादहरु सञ्चालन हुनेछन् । कात्तिक ८ गते आइतबार वसन्तपुरदेखि नरःदे (हाँडीगाउँ), पशुपतिनाथ क्षेत्र हुँदै वसन्तपुर सम्मको हेरिटेज रन आयोजना हुनेछ । नेपाली चलचित्र क्षेत्रको सम्मानका लागि दोस्रो दिन राष्ट्रिय सभा गृहमा 'रेड कार्पेट' कार्यक्रम आयोजना हुनेछ ।

काठमाडौँ महानगर पालिकाले चलचित्र विधालाई समुदाय र शिक्षासँग जोडेर रचनात्मक उद्योग प्रवर्द्धनको माध्यमका रुपमा विकास र विस्तार गरिरहेको जनाएको छ । मौलिकता र स्थानीयपनलाई जोगाउँदै स्थानीय रचनात्मक उद्योगसँग पेसाकर्मी, सङ्घसंस्था तथा महोत्सव आयोजकसँग जोड्ने काम भइरहेको छ ।

सडक सम्पर्क विच्छेद भएका बस्तीमा ड्रोनबाट राहत

काठमाडौँ । बाढीका कारण सडक सम्पर्क विच्छेद भएका गोरखाका दुर्गम बस्तीमा ड्रोनमार्फत राहत सामग्री पुर्याइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सडक सम्पर्क टुटेका बस्तीमा राहत सामग्री पुर्याउन ड्रोनको प्रयोग गरिरहेको जनाएको छ । दसैँका समयमा समेत प्रभावित नागरिकलाई आवश्यक राहत उपलब्ध गराउन ड्रोन प्रयोग गरिएको प्राधिकरणले जनाएको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले सडक सम्पर्क विच्छेद भएका र भौगोलिक रूपमा विकट क्षेत्रमा राहत वितरण गर्न ड्रोन प्रभावकारी बनेको बताउनुभयो । "हामीसँग चार वटा ड्रोन छन् । रसुवा र गोरखामा सडक सम्पर्क विच्छेद भएका स्थानमा ड्रोनमार्फत राहत वितरण भइरहेको छ," उहाँले भन्नुभयो ।

बाढीमा सडक, पुललगायत भौतिक पूर्वाधार बगेपछि राहत सामग्री आपूर्ति गर्न प्राधिकरणलाई चुनौती थपिएको छ । प्रभावित नागरिकको उद्धार र राहतमा प्राधिकरणले ड्रोनको अधिकतम उपयोग गरेको छ ।

भाकल पूरा गर्न बुढासुब्बामा भक्तजनको लर्को

सुनसरी । धरान उपमहानगरपालिका वडा नं. १४ विजयपुरस्थित बुढासुब्बा मन्दिरमा पूजाआराधना गर्ने भक्तजनको लर्को लागेको छ ।

बुढासुब्बा मन्दिरमा महा-नवमीका दिन कुखुराको भाले बलि चढाएर दुर्गा भवानीको विशेष पूजाआराधना गरिने भएकाले बिहानैदेखि भक्तजनको भीड लागेको हो । मन्दिरका पुजारी डम्बर आलेमगर का अनुसार यहाँ मनोकामना पूरा होस् भन्ने कामनासहित पूजा गर्ने र भाकल पूरा भएपछि कुखुराको भाले चढाउने परम्परा छ । भक्तजनले सुख, शान्ति, समृद्धि र मनोकामना पूरा हुने विश्वासका साथ पूजाआराधना गरिरहेका छन् । यहाँ पूर्वी नेपालका विभिन्न जिल्लाका साथै भारतको सिक्किम र दार्जिलिङ तथा भुटानबाट समेत दर्शनार्थी आउने गरेका छन् ।

तरहराकी निर्मला बस्नेतले दसैँका अवसरमा परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै बुढासुब्बा मन्दिरमा पूजा गर्न आएको बताउनुभयो । मनोकामना पूरा हुने विश्वासका साथ आफू हरेक वर्ष भाकलअनुसार भाले चढाउन आउने गरेको उहाँले जानकारी दिनुभयो ।

बुढासुब्बा मन्दिरमा करिब ३० वर्षदेखि व्यापार गर्दै आउनुभएका एमडी जम्मेलले बडादसैँ सुरु भएसँगै पूजाआराधना गर्न आउने भक्तजनको सङ्ख्या बढ्ने गरेको बताउनुभयो । महानवमीका दिन बिहानैदेखि भक्तजनको चहलपहल बढेकाले व्यापार पनि बढेकामा उहाँ दङ्ग हुनुहुन्छ । पूजाका सामग्रीसँगै बाल-बालिकाका लागि विभिन्न किसिमका खेलौना पनि बिक्री गर्दै आउनुभएको छ । एक दशकअघिसम्म बुढासुब्बा मन्दिर परिसरका बाँसमा नाम लेख्दा प्रेम अमर हुन्छ भन्ने विश्वासका साथ नाम लेख्ने चलन थियो । समयक्रममा बाँस मर्न थालेपछि मन्दिर व्यवस्थापन समितिले बाँस वरिपरि तारजाली लगाएको छ । त्यसपछि बाँसमा नाम लेख्ने चलन घट्दै गएको र बाँसमा माला बाँध्ने क्रम बढेको छ ।

मिस वेलनेस वर्ल्ड २०२६का विजेतालाई गृहनगरमा स्वागत

जनकपुरधाम । अन्तरराष्ट्रिय सौन्दर्य प्रतियोगितामा 'मिस वेलनेस वर्ल्ड २०२६' की विजेता सान्वी मण्डल लाई गृहनगर जनकपुर धाममा स्वागत तथा सम्मान गरिएको छ ।

विजेता मण्डलको गाउँ भोइलमा मंगलबार आयोजित कार्यक्रममा मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवसहित स्थानीयवासीले उहाँलाई स्वागत तथा सम्मान गर्नुभएको हो ।

थाइल्याण्डको राजधानी बैङ्कक गत महिना सम्पन्न सौन्दर्य प्रतियोगितामा सान्वीले 'मिस वेलनेस वर्ल्ड २०२६' को उपाधि जित्नुभएको थियो । शारीरिक तथा मानसिक स्वास्थ्य र स्वस्थ जीवनशैलीलाई प्राथमिकता दिने सो प्रतियोगितामा उहाँले जनकपुरधाम र मिथिला संस्कृतिको प्रतिनिधित्व गर्दै झिझिया नृत्यलाई आफ्नो प्रतिभाको रुपमा प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा प्रदेश सभामुख यादवले विश्वमञ्चमा सहभागी भई नेपाल र नेपालीको प्रतिष्ठा अभिवृद्धि गर्न सफल भएकामा समग्र मधेस प्रदेशका तर्फबाट उहाँलाई धन्यवाद दिनुभयो । यसैगरी, बैङ्कमा सम्पन्न सौन्दर्य प्रतियोगितामा उपाधि जित्न समेत सफल भई जनकपुरधाम र मिथिला संस्कृतिको समेत संवर्द्धनमा अमूल्य योगदान



दिनुभएको भन्दै स्थानीयवासीका तर्फबाट सम्मान व्यक्त गरिएको थियो । विजेता सान्वी सञ्जय र सविता मण्डलको छोरी हुनुहुन्छ ।

अन्तरराष्ट्रिय मापदण्डको होटल सेवा

चितवन । आइएमई ग्रुपले आफ्नै होटल ब्रान्ड 'इला'मार्फत नेपालको पर्यटन प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ । अन्तरराष्ट्रिय ब्राण्डमा नेपालमा चलेका अन्य होटलको आधा शुल्कमा सोहीस्तरको सेवा दिएको होटल सञ्चालन गर्दै आएको आइएमई हस्पिटालिटीले जनाएको छ ।

हस्पिटालिटीले नवलपुरको गैँडाकोटमा ६५ कोठाको इला रिसोर्ट, हर्कपुरमा ३५ कोठाको इला कम्फर्ट, बागलुङ बजारमा ३० कोठाको इला कम्फर्ट सञ्चालन गरिरहेको छ । कैलालीमा सुरुमा २० कोठा र पछि ६५ कोठा थप गर्ने गरी इला लज सञ्चालनमा आउन लागेको छ भने पाल्पाको वसन्तपुरमा १२० कोठाको इला रिसोर्ट सञ्चालनमा ल्याइँदै छ ।

पोखरामा ३५ कोठाको द लेक साइड रिट्रिट सञ्चालनमा छ भने इला होटल लाजिम्पाट एक सय कोठाको सञ्चालनमा आउने तयारीमा छ । आइएमई समूहको चन्द्रागिरि हिल्स रिसोर्ट भने १२० कोठासहितको छ र लामो समयदेखि सञ्चालनमै रहेको छ । नवलपुरको गैँडाकोटस्थित इला रिसोर्टमा सोमबार आयोजित अन्तरक्रियामा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले विदेशमा कामको अनुभव लिएका ३० प्रतिशतभन्दा बढी कर्मचारी आफूहरुसँग रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अन्त राष्ट्रिय स्तरको सेवा हामी सर्वसुलभ रुपमा दिएका छौं ।"

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com